महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

कपुरकोट गाउँपालिका

सल्यान

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्या:२०७८/७९ मिति:२०७८/०५/०४

च.नं.१८४

श्री अध्यक्षज्यू,

श्री कपुरकोट गाउँपालिका, सल्यान ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(नारायण एम.सि.)
नायब महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थ:

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ - प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)

पत्र संख्या:२०७८/७९

च.नं. १८५ मितिः २०७८/०५/०४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

कपुरकोट गाउँपालिका, सल्यान ।

कैफियत सहितको राय

हामीले कपुरकोट गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. २ करोड ७९ लाख ८३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३१ लाख ३३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ४१ लाख ६० हजार नियमित गर्नुपर्ने रु. १ करोड ६ लाख ९० हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७/१२/२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २२ (बाईस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सि.)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

कपुरकोट गाउँपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७६/७७

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ११९.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार २०४ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

निम्नबमोजिम रहेको छः

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		२५०५६००७.९८	१	**चालु खर्च**		२०१९९१८३७
	क) नगद			२	**पूँजीगत खर्च**		९९३६७४५४
	ख) बैंक	२५०५६००७.९८		३	**कोष तर्फको खर्च**		८४४४७९०
२	**राजस्व (आन्तरिक आय)**		४७३०३३९३.२१		क) विपद् व्यवस्थापन कोष	८२०२०	
	क) आन्तरिक राजस्व	२५५१६२९.६२			ख) मर्मत संभार कोष	४२५३६४५	
	ख) राजस्व बाँडफाँड	४४७५१७६३.५९			ग) कर्मचारी कल्याण कोष	०	
	ग) अन्य आय				ग) प्रकोष व्यवस्थापन कोष	४१०९१२५	
३	**वित्तिय हस्तान्तरण संघ**		२३६०३९१०४	४	**लगानी**		
	क) वित्तिय समानीकरण अनुदान	८०४००००.००			शेयर लगानी		
	ख) सशर्त अनुदान	१५५६३९१०४			अन्य लगानी		
	ग) समपूरक अनुदान			५	**धरौटी फिर्ता**		१०६०००
	घ) विशेष अनुदान			६	**कोष फिर्ता**		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		४५०११४८८.००	७	**मौज्दात**		
	क) वित्तिय समानीकरण अनुदान	१००२९०००		क)	नगद मौज्दात		
	ख) सशर्त अनुदान	२३०७९६१२		ख)	बैंक मौज्दात		३७२९४६०८.१९
	ग) समपुरक अनुदान	९१३३२५०			- विपद् व्यवस्थापन कोष	४९९९८०	
	घ) विशेष अनुदान	२७६९६२६			- मर्मत संभार कोष	१२६१६९२	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**				- कर्मचारी कल्याण कोष	१००००००	
६	**अन्य**				- प्रकोष व्यवस्थापन कोष	१३६१९५९	
७	**विभिन्न कोषतर्फको आय**		११५६८४२१.००		-संचित कोष खाता	३३१७०९७७.१९	
	विपद व्यवस्थापन	५८२०००		८	**शसर्त अनुदान फिर्ता**		१७८७९७२५
	मर्मत संभार कोष	५५१५३३७		९	**गत बर्षको बढी अल्या**		
	कर्मचारि कल्याण कोष	१००००००		१०	**जनश्रमदान मौज्दात**		
	प्रकोप व्यवस्थापन कोष	५४७१०८४		११	**धरौटीमौज्दात**		४६२३३३१
८	**धरौटी आय**		४७२९३३१.००	१२	**कोष खाताको मौज्दात**		
	जम्मा		**३६९७०७७४५.१९**		**जम्मा**		**३६९७०७७४५.१९**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • आय व्ययको विवरणमा गत वर्षको जिम्मेवारी रु. ३ करोड ४ लाख ६ हजार सार्नुपर्नेमा रु. २ करोड ५० लाख ५६ हजार सारेकोले रु.५३ लाख ५० हजार घटी जिम्मेवारी सारेको छ । सोको आधार पेश हुनुपर्दछ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन् । • कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गरेको अभिलेख राखेको छैन । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले तलवी प्रतिवेदन पारित नगरी रु २४६५७६५५।०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत पालिकाको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
	• **बजेट तथा कार्यक्रम**	
४.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री तिला बुढामगरले २०७६।०३।१० गते रु.२७ करोड ९२ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।०३।१० मा पारित भएको छ ।	
५.	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
६.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
७.	**चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
चालु खर्चतर्फ	१५९४६०१३६	३४३१९२४८	४०५८२३६९	८४५५८५१९	४१३४१८४०
पूँजिगत खर्चतर्फ	८६००१०४३	९८७९७०१	६९२६३२६	६९१९५०१६	६०७०५९९५
जम्मा	२४५४६११७९	४४१९८९४९	४७५०८६९५	१५३७५३५३५	१०२०४७८३५
प्रतिशत	१००	१८	१९.३६	६२.६४	४१.५७

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. २४५४६११७९/- खर्च भएकोमा प्रथम चौमासिकमा १८ प्रतिशत, दोश्रो चौमासिकमा १९.३६ प्रतिशत र तेश्रो चौमासिकमा ६२.६४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १०२०४७८३५/- अर्थात ४१.५७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

८. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	६४२८०००	४१५२३०८	३
२	पूर्वाधार विकास	७३१९५०००	४९५०६१७९	३५.६७
३	सामाजिक विकास	४७८०४९९९	३९३७५३७९	२८.३७
४	बातावरण तथा विकास	५८२०००	८२०२०	०.०६
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१८२८४०००	९४३४९३१	६.८०
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	५५८८८०००	३६२५०७३९	२६.१२
	जम्मा	२०२१८१९९९	१३८८०१५५६	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ३५.६७ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.०६ प्रतिशत रहेको छ ।

९. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २५५१६२९/- राजस्व बाँडफाँड र अनुदानबाट रु.२८०७९०८६७/- समेत रु.२८३३४२४९७/२१ आम्दानी भएकोमा चालु तर्फ रु. १५९४६०१३०/- र पूँजिगत तर्फ रु. ८६००१०४९/- समेत रू.२४५४६११७९/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५५९७३१२/- खर्च भएको छ जुन आन्तरिक आयको २१९.३६ प्रतिशत रहेको छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१०. **लक्ष्य प्रगति :** पालिकाले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

संगठन तथा कर्मचारी ब्यवस्थापन

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
११.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१२.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५१ जना कर्मचारीहरु करारमा राखि रु.९२३०६२८/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु.५५०९२७०/- भुक्तानी गरेको अनियमित देखिएको रु.......	५५०९२७०/-
१३.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१००००००/- सारेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम सार्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.	१००००००/-
१४.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
१५.	**वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। रिक्त	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
६	६	५	१

१६. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	१
पञ्जिकरणतर्फ	
जन्मदर्ता	७२१
मृत्युदर्ता	१४२
बसाईसराई दर्ता	४९
विवाह दर्ता	अभिलेख नभएको
सम्बन्धविच्छेद दर्ता	७

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१७. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु. २ लाखदेखि ५ लाखसम्मका	रु. ५ लाख देखि १० लाखसम्मका	रु.१० लाखभन्दा बढीको	जम्मा
५०	४९	५९	२०	९	१८७

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१०लाख देखि माथि जम्मा ९ योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५० योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा पालिकाको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

- **कानून निर्माण एवं कार्यान्वयन**

१८. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ ऐन, ३ नियमावली, १५ कार्यविधि लगायत ३९ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१९. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको ७ गरी कुल १० विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२०.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२१.	**आन्तरिक लेखापरीक्षण शाखा** : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
	• **पदाधिकारी सुविधा**	
२२.	**पदाधिकारी सुविधा** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची १ र २ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । कर्णाली प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७/३/८ मा पारित गरेको पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ र २ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको साउन भाद्र असोज र चाडपर्व खर्च मासिक पारिश्रमिक सुविधामा रु.१३४६७००।०० खर्च लेखेको देखिन्छ ।	
२३.	**स्वकीय सचिव**- कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसूची १ र २ मा यस प्रदेशमा स्थानीय तहका पदाधिकारिले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्षको सचिवालय सहयोगीको रुपमा योगेश वुढालाइ नियुक्त गरी मासिक रु.१९,४८०/- का दरले चाडपर्व सहित रु.२,५३,२४०।०० भुक्तानी गरेकोले थप व्ययभार पारेको रु..	२,५३,२४०/-
२४.	**भान्से** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले पाउने सुविधा अनुसूची १ र २ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनी व्यवस्था गरेको छ । तर पालिका अध्यक्षको भान्सेको रुपमा देवा वुढाथोकीलाई नियुक्त गरि मासिक	२,५३,२४०/-

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	रु.१९४८०/- का दरले चाडपर्व समेत यस वर्ष रु. २५३२४०/- खर्च लेखेकोले थप व्ययभार पारेको रु.	
२५.	**यातायात भत्ता** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची १ र २ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । पालिको सवारी साधन प्रयोग गरि इन्धन वुझेको तथा गाडी भाडा समेत लिइ खर्च गरेको तर नगरसभा संचालन हुँदा पुन यातायात सुविधा वापत रु. ६६०००/- भुक्तानी भएकोले दोहोरो यातायात खर्च पर्न गएको देखिएकोले २०७७/३/१० र ३/२५ को नगरसभा वैठकमा ३३ जनालाई रु.२०००.०० का दरले भुक्तानी रकम असूल हुनुपर्ने रु.	६६,०००/-
२६.	**पदाधिकारी अन्य सुविधा** - भौ .नं. ३४७ मिति २०७७/३/२९, कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ दफा ३ को अनुसूची १ र २ मा स्थानीय तहका पदाधिकारीहरुले सेवा सुविधा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले कार्यालयमा इन्धन खर्च लेखि विल पेश भएको तथा अध्यक्ष , उपाध्यक्ष तथा वडा प्रमुखहरुलाई इन्धन खर्च वापत मासिक भुक्तानी भएकोले दोहोरो सुविधा देखिएकोले असूल हुनुपर्ने रु.	१,८२,४७५/-

सि नं.	पदाधिकारीको नाम	मासिक भुक्तानि	जम्मा भुक्तानी (कार्तिक देखि असार सम्मा)
१	अध्यक्ष श्री भिम वहादुर सेन	६०५५	५४४९५
२	उपाध्यक्ष तिला वुढामगर	५१९०	४६७१०
३	वडा अध्यक्ष वालाराम खड्का	१५०८	१३५४५
४	वडा अध्यक्ष श्री मान व. राना	१५०८	१३५४५
५	वडा अध्यक्ष श्री मिन व. सेन	१५०८	१३५४५
६	वडा अध्यक्ष श्री हरिलाल पुन	१५०८	१३५४५
७	वडा अध्यक्ष श्री यम कुमार वस्नेत	१५०८	१३५४५
८	वडा अध्यक्ष हेरम व. वुढाथोकी	१५०८	१३५४५
	जम्मा		१८२४७५/-

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
२७.	**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.३०९१५००/- सुविधा वापत भुक्तानी भएको छ ।	

सि.नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष६ जना	कार्यपालिका सदस्य ५ जना	सभाका सदस्य २० जना	जम्मा
१	टेलिफोन,मोबाइल	३०००	३०००	१८०००	५०००	२००००	४९०००
२	पुस्तक,पत्रीका, ईन्टरनेट	३०००	३०००	१८०००	५०००	१००००	३९०००
३	अतिथि सत्कार	५०००	४०००	२४०००	५०००	२००००	५८०००
४	अनुगमन खर्च	१५०००	१२०००	४८०००	२७५००	४००००	१४२५००
५	खानेपानी/बिजुली/ सरसफाई	४०००	३०००	६०००	५०००	१००००	२८०००
६	विद्युत तथा उर्जा	३०००	३०००	६०००	५०००	१००००	२७०००
	मासिक जम्मा	३३०००	२८०००	१२००००	५२५००	११००००	३४३५००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	९ महिनाको जम्मा	२९७०००	२५२०००	१०८००००	४७२५००	९९००००	३०९१५००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२८.	**थप सुविधा भुक्तानी –** भौ.नं.३४७ मिति २०७७/३/२९, कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ दफा ३ को अनुसूची १ र २ मा स्थानीय तहका पदाधिकारीहरुको सेवा सुविधा उल्लेख भएको भन्दा बढी हुने गरी दिन मिल्ने देखिदैन । पालिकाले कार्यपालिका सदस्यको सुविधा भुक्तानी गर्दा ऐनमा तोकेको भन्दा वढी भुक्तानी गरेकोले उक्त रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु...	५४,०००/-

कार्यपालिका सदस्यको नाम	पत्रपत्रिका इन्टरनेट		संचार		अतिथि सत्कार		वढि भुक्तानी	९ महिनाको
	तोकेको	भुक्तानी	तोकेको	भुक्तानी	तोकेको	भुक्तानी		
श्री ललिता गिरी	१०००	१५००	१०००	१५००	१०००	१५००	१५००	१३५००
श्री शन्ता वली	१०००	१५००	१०००	१५००	१०००	१५००	१५००	१३५००
श्री ठगविर कामी	१०००	१५००	१०००	१५००	१०००	१५००	१५००	१३५००
श्री यमुना नेपाली	१०००	१५००	१०००	१५००	१०००	१५००	१५००	१३५००
जम्मा	४०००	६०००	४०००	६०००	४०००	६०००	६०००	५४०००/-

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२९.	**वैदेशिक भ्रमण** – दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका अध्यक्ष श्री भिम व.सेन मार्च ८ देखि १२ सम्मको श्रीलंका भ्रमणमा रु.१०५६२०.०० खर्च भएको देखिन्छ ।यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियममा उल्लिखित व्यवस्था अनुसार नेपाल सरकार मन्त्रिपरिषदको स्वीकृत लिएको नदेखिएको रु..	१०५,६२०/-
३०.	**विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१२९२९२८.०० खर्च गरेको छ ।यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।	
	• **अनुदान फिर्ता, वितरण र उपयोग**	
३१.	**अनुदान फिर्ता –** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा अनुदान प्रदेश (स्रोतको) रु.८९१००००/- खर्च नभई बाँकी रहेकोमा फिर्ता हुनुपर्ने रु...	८९,१०,०००/-
३२.	**बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७ करोड ८५ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
३३.	**सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान मोटरसाइकल खरिदमा रु.६१६०२३/- खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td></td><td>• कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>३४.</td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५०००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.२५०५४९१.३७ अर्थात अनुमान भन्दा ०.२२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>३०१३५९२९१/-</td><td>२५०५४९१.३७</td><td>०.८३</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल कर उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th></tr>
<tr><td>भुमि मालपोत कर</td><td>५०००००/-</td><td>७३२३७७/-</td></tr>
<tr><td>अन्य क्षेत्रको आय</td><td>५०००००/-</td><td>२८११३०</td></tr>
<tr><td>न्यायीक दस्तुर</td><td>२००००/-</td><td>५०००/-</td></tr>
<tr><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>१०००००/-</td><td>१२२००/-</td></tr>
<tr><td>नक्सा पास</td><td>१०००००/-</td><td>१६१३५/-</td></tr>
<tr><td>व्यत्तिगत घटना दर्ता दस्तुर</td><td>१५००००/-</td><td>३२५१०/-</td></tr>
<tr><td>नाता प्रमाणित</td><td>४००००/-</td><td>३३७०६/-</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>८००००/-</td><td>४५५१३३/३७</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>२०००००/-</td><td>४५८५१४/-</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१०००००/-</td><td>३०४६०६/-</td></tr>
<tr><td>व्यवसाय कर</td><td>३०००००/-</td><td>१७४१८०/-</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३७.	**राजश्व अभिलेख :** पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी पालिका प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी एकीन गर्न सकिएन । सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र रसिद ठेलिहरु प्राप्त गरि आय कायम गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।	
३८.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१७४१८०/- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
३९.	**लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
४०.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।	
	सशर्त कार्यक्रमतर्फ	
४१.	**शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं.	विद्यालयको तह	शिक्षक दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	उ.मा.वि.	५	५	-	३८६
२	मा.वि.	१०	१०	-	६७०
३	नि.मा.वि.	१५	१५	-	१२०९
४	प्रा.वि.	६७	६७	-	१८४७

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

४२. संघीय सरकारवाट प्राप्त अनुदान जुन आर्थिक वर्षको लागि प्राप्त भएको हो सोही वर्षको असार मसान्त भित्र खर्च गरी वाँकी रहेको रकम फ्रीज गराउनुपर्ने व्यवस्था छ । पालिकामा शिक्षा पुर्वाधारका लागी संघिय सशर्त अनुदान रकम यस आर्थिक वर्षमा निकासा प्राप्त भएकोमा आर्थिक वर्षको अन्तमा अर्थात मिति २०७७/३/३० मा स्वीकृत गराई निम्न विद्यालयहरुलाइ निकासा गरी सोही दिन वैंक खाता रोक्का समेत को पत्र संगसंगै वैंकलाइ लेखेको देखिएकोले अर्को वर्षमा काम गर्ने गरी निकासा दिएको नियम सम्मत देखिएन । साथै उक्त खर्चको कार्यसम्पन्न सहित विलभर्पाइ पेश हुनुपर्ने रु...

बेरुजू रकम: ४१,००,०००/-

सि.नं.	वद्यालयको नाम	कार्यक्रमको नाम	निकासा रकम
१	जीवन ज्योती मा वि	प्राविधिक धार प्रयोगशाला व्यवस्थापन	२६००००००.००
२	ने रा मा. वि .किमुचौर	विद्यालय प्रवलिकरण कार्यक्रम	१५००००००.००
	जम्मा		४१००००००.००

४३. **पाठ्यपुस्तक** — शिक्षा कार्यक्रम निर्देशिका अनुसार विद्यालय पाठ्यपुस्तक निकासा प्रथम किस्तामा ७५ प्रतिशत र वाकी २५ प्रतिशत रकम विल भर्पाइ पेश भए पश्चात भुक्तानी गर्नुपर्ने नियम वमोजिम पालिकाले निम्न विद्यालयहरुमा प्रथम किस्ता निकासा IEMIS को डाटा अनुसार भुक्तानी गरेकोमा दोस्रो किस्ता २५ प्रतिशत भन्दा वढी निकासा भएकोले उक्त रकम संघिय संचित कोषमा फिर्ता हुनुपर्ने रु..

बेरुजू रकम: ६०२२००/-

सि न	विद्यालयको नाम	प्रथम किस्ता ७५ %	दोस्रो किस्ता २५ % भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	वढी भुक्तानी
१	ने. रा . मा. वि .किमुचौर	२५५४९७	८५१६५.६६	१५२३९३	६७२२७
२	जीवन ज्योती मा. वि .रिम	१९९५७२	६६५२४	४१८६२९	३५२१०५
३	कालिका मा. वि .	१५१८४५	५०६१५	८३१३२	३२५१७
४	भवानी मा. वि .छायानाथ	१७८०१६	५९३३८.६	१०६२२२	४६८८३
५	विरेन्द्र मा. वि .गार्पा	१७८०६६	५९३५५.३३	८४०८१	२४७२६
६	सरस्वती आ.वि. रातामाटा	६२९३१	२०९७७	२९०३२	८०५५
८	सिद्ध आ.वि. धार	६५०४५	२१६८१.६७	२३३०९	१६२७.३
९	सिद्ध आ.वि. खलि	९४४६३	३१४८७.६७	५८५९७	२७११०
११	जानकी आ.वि. डांग्री	२३८७०	७९५६.६७	१०८३१	२८७४.३
१२	शिवोद्यय आ.वि. सारपानी	२२३६८	७४५६	१९८९५	१२४३९
१५	जनचेतना प्रा. वि. लामपोखरा	१९३५६	६४५२	१०९२९	४४७७
१७	दहवन प्रा. वि. दहवन	४०२८३	१३४२७.६७	१५२६८	१८४०.३
१८	सरस्वती आ.वि. दरवांग	२०३७०	६७९०	७६७८	८८८
१९	भानु प्रा. वि. गोठीवन	९७८२	३२६०.६७	५१८०	१९१९.३
२०	आ.वि. केउरेनी	२०१५१	६७१७	१००७१	३३५४
२२	सरस्वती प्रा. वि. गाडापानी	१७४३५	५८११.६७	१४६५०	८८३८.३
२३	प्रा. वि. मुलपानी	१३७९९	४५९९.६७	९९२०	५३२०.५
	जम्मा	१५२५९२४	५०८६४१.३३	१०८३९०३	६०२२००

४४. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । गाउँपालिकाले यस वर्ष रु.८,१८,०००/- को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन:

४४.१. आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टीफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको छैन ।	
४४.२.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
४४.३.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।	
४४.४.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४५.	**मुख्यमन्त्री रोजगार कार्यक्रमः-** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,दफा १५ मा आयोजनाको विस्तृत प्राविधिक अध्ययन पश्चात मात्रै आयोजना कार्यान्वयन गर्नुपर्ने, आयोजनाको ज्यालामा न्यूनतम ७० प्रतिशत भुक्तानी हुने आयोजनालाई छनौट गर्नुपर्ने, वाहय सामाग्री सिमेट, छड,तार जाली, ढुवानी २५ प्रतिशत भन्दा बढि नहुने गरी खरिद गर्नुपर्ने र दफा ३२ मा श्रमिकको ज्याला र खरिद वापतको रकम बैक खाता मार्फत मात्रै भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित शर्तहरु पालना गरेको छैन । यस वर्ष मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत रु.४४,५५,७६०/- खर्च भएको मध्ये ५ वटा आपुर्तिकर्तालाई निर्माण सामाग्री खरिद गर्न रु.१७,६५,९६०/- र श्रमिकको ज्यालामा रु.२६,८९,८००/- (६०.३६%) खर्च भएको छ । सोलावाङ रिम सितल वजार कोईला छायानाथ सडक, कपुरकोट गाडापानी फलावाङ सडक र खाली गार्पा दहवन काली पाल्ला सडकमा उक्त रकम खर्च भएको छ । सोही सडकमा पालीकाका अन्य सडक स्तरोन्नती गर्ने योजनावाट पनि कार्य भएकोले दोहोरो भुक्तानी नभएको सुनिश्चित हुन सकिएन । कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम श्रमिकको खातामा रकम पठाएको देखिएन ।	
४६.	**प्रधानमन्त्री रोजगार कार्यक्रमः-** वर्षमा वेरोजगार युवालाई १०० दिनको रोजगारी उपलव्ध गराउने लक्ष्य राखिएको कार्यक्रममा पालिकाले यस वर्ष ८२६ र गत वर्ष २९४६ वेरोजगार सुचिकृत गरेकोमा १०१ जना मात्र रोजगारीमा संलग्न भै ५१ दिन काम गरेको रु. ३० लाख ८७ हजार ज्याला वापत खर्च भएको छ । कामका लागी पारिश्रमिकमा आधारित १६ आयोजना सञ्चालन भएकोमा सवै सडक मर्मत, खाल्डा पुर्ने, नालि सफा गर्ने, पहिरो हटाउने, झार उखेल्ने, फिल्ड सम्याउने जस्ता जनश्रमदानवाट गर्न सकिने काममा रोजगारीका लागी वर्षान्तमा रु. ४२,३९,२७२/- खर्च भएको छ । यसर्थ पालिकाले सामुदायिक पुर्वाधारका उल्लेखनिय योजना छनौट गरी समयमा कार्यान्वयन गरी सुचिकृत वेरोजगारलाई १०० दिनको रोजगारी उपलव्ध गराउने सुनिश्चित गराउनुपर्दछ ।	
	समानीकरण पूँजिगततर्फ	
४७.	कपुरकोट गाउंपालिकाको कार्यालय भवन निर्माण गर्न रोयल कन्स्ट्रक्शन संग ०७५।२।२३ मा भ्याट समेत रु. ४१७५५३८४।९८ को सम्झौता भएको रहेछ । सम्झौतानुसार निर्माण कार्य २०७७ जेष्ठ २२ गते सम्म (2 year from contract date) सम्पन्न गर्नुपर्नेमा भवनको निर्माण कार्य उक्त म्याद भित्र भएको देखिएन । यसवर्ष निर्माण व्यवसायी लाई भौ. न. ११९-(३।३१) वाट चौथो रनिङ्ग विल वापत ९४,१४,५५४/- र तेस्रो रनिङ्ग विल वाट भौ. न. ३-(०७६।६।१४) वाट रु.१,०९,९६,०९७।६८ भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छनः-	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४७.१.</td><td>निर्माण व्यवसायीले म्याद थप वेगर ०७७।३।२९ मा ३९ दिन ढिलो गरी चौथो विल भुक्तानीको लागी निवेदन गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ को सम्झौतानुसार पुर्वनिर्धारीत क्षतिपुर्ति रकम रु.८,१४,२३०/- कट्टा नगरी भुक्तानी गरेकाले छानविन गरि असुल गर्नुपर्ने रु.</td><td>८,१४,२३०/-</td></tr>
<tr><td>४७.२.</td><td>निर्माण व्यवसायीलाई तेस्रो रनिङ्ग विल भुक्तानी गर्दा देहाएका item मा रु. १४,४४,९०७/५४ वढि भुक्तानी भएको रकम कट्टा गरी चौथो रनिङ्ग विल भुक्तानी गरेको देखियो । नापी कार्य यथार्थमा नगरि बढी रकम उपलव्ध भएकोले सम्वन्धितलाई जिम्मेवार वनाई १०% व्याज रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>item no</th><th>विवरण</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>2.1</td><td>E/W in excavation using machine (B.M soil)</td><td>१८.९० घ. मी</td><td>२३६२.५०</td></tr>
<tr><td>3</td><td>Earth back filling compaction work</td><td>१०.०४ घ. मी</td><td>४०१७.४२</td></tr>
<tr><td>4</td><td>Steel reinforcement</td><td>६.०८ मे. टन</td><td>६२०३४७.२८</td></tr>
<tr><td>10.2</td><td>Plywood from work for Beam</td><td>३५.०६ वर्ग मी.</td><td>१९२८५.६१</td></tr>
<tr><td>10.3</td><td>19 mm Plywood from work for slab/staircase</td><td>४५.६५ वर्ग मी.</td><td>२५१०९.७०</td></tr>
<tr><td>11.4</td><td>Half brick wall (1:4 C/M)</td><td>२१३.७९ वर्ग मी.</td><td>२५६५४८.००</td></tr>
<tr><td>11</td><td>12.5 mm thistle ceiling plaster with 1:3 cement mortar</td><td>१०५.२८ वर्ग मी.</td><td>३१५८४.२६</td></tr>
<tr><td>12</td><td>20 mm thistle plaster all with 1:6 cement mortar</td><td>५८०.१० वर्ग मी.</td><td>१८८५३१.०८</td></tr>
<tr><td>13</td><td>38 mm thistle screeding work (1:2:4)</td><td>४७६.७८ वर्ग मी.</td><td>२३८३८९.२०</td></tr>
<tr><td>14</td><td>3 mm thistle net cement punning</td><td>४५१.७९ वर्ग मी.</td><td>५८७३२.४९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४४४९०७.५४</td></tr>
</table></td><td>१,४४,४९०/७६</td></tr>
<tr><td>४७.३.</td><td>चौथो रनिङ्ग विलवाट cube test को मु. अ. कर १३०००/- समेत रु. १,१३,०००/- भुक्तानी गरेकोमा सो को विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>११३०००/-</td></tr>
<tr><td>४८.</td><td>कपुरकोट धनवाङ्ग गाडापानी हुंदै फलावाङ्ग जोड्ने सडकः- कपुरकोट फलावाङ्ग जोड्ने सडक ०७७।२।३० सम्म सम्पन्न गर्न ज्ञानु निर्माण सेवासंग रु. ६८,१४,९६६।०१ को सम्झौता भएको रहेछ । सम्झौतानुसार कार्य हुन नसकी २०७७।३।१५ सम्म म्याद थप भएकोमा २०७७।३।२७ गते रु.२७,८४,९५२/- अन्तिम विलको भुक्तानी भएको छ। यस अघी निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग विल ५७-(३।२) वाट रु.४०,३०,१६७/- भुक्तानी भएको छ । निर्माण कार्य थपिएको म्यादमा हुन नसकी २६ दिन ढिलो भएकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ वमोजिम पुर्व निर्धारित क्षेतिपुर्ति रु.८८,५९५/- असुल भएको छैन । निर्माण व्यवसायीसंग ५१४० मी. लामो रोड स्तरोन्नती गर्ने गरी सम्झौता भएकोमा ४१२० मीटर सम्म कार्यको मात्र काम गराई अन्तिम विल फरफारक गरेको छ । सोही निर्माण व्यवसायीलाई ४१२० मी. देखि ४५४० मी. को सडक निर्माण गर्न भ्याट वाहेक १३४ घ.मी.का दरले कोटेशनमा काम गराई भौ. न. १०३-(३।२७) वाट रु. ४,७१,९००/- भुक्तानी गरेको छ । सम्झौतानुसारको तोकीएको (५१४०मी. सम्म) सडक रु. ७०/घ. मी. भ्याट वाहेकमा काम गराउनुपर्नेमा रु.६४/घ.मी. वढी दरमा ३११६.५० घ. मी. को काम गराई रु.१,९९,४५६/- वढी व्ययभार पारेकोले जिम्मेवारवाट असुल हुनुपर्ने रु.</td><td>१,९९,४५६/-</td></tr>
<tr><td>४९.</td><td>जामुने खानेपानी योजनाः- खरिद सम्झौतामा उल्लेख भएको P. S. item को भुक्तानी विल भरपाई पेश भएको आधारमा भुक्तानी गर्नुपर्नेमा जामुने खानेपानी योजनाको प्रथम रनिङ्ग विल भौ. न. ६६-(३।१२) वाट रु. ५६,७४,३०३/- निर्माण व्यवसायी सुर्योदय उर्जा/भुमि निर्माण सेवालाई भुक्तानी गर्दा cube test वापत रु.५०००/- समावेश भएकोमा सो को विल भरपाई पेश हुनुपर्ने अन्यथा</td><td>५,०००/-</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	असुल हुनुपर्ने रु.	
५०.	**विद्युत विस्तारः-** स्टील पोल/तार लगाएतका सामाग्री आपुर्ति र जडान गर्न सुनिता एण्ड कविता तारुपोर जे. भी. संग ०७६।१।१३ मा रु. १४३०१६७५।५० को सम्झौता भएको रहेछ । सम्झौतानुसार ०७६।९।३० मा कार्य सम्पन्न गर्नुपर्नेमा यस वर्ष सम्म कार्य सम्पन्न भएको देखिएन । यस वर्ष भौ. न. ११३-(३।३०) वाट प्रथम रनिङ्ग विल वापत रु. ६९५६६१९ भुक्तानी भएको छ । कार्यपालिका वाट पटक पटक म्याद थप गरी ०७७।९।मसान्त सम्म कार्यावधी कायम गरेको छ । सम्झौतानुसार कार्य नगर्नेलाई नियमानुसार कारवाही हुनुपर्दछ ।	
५१.	**गह्रा सुधार कार्यक्रम -** ग्रहा सुधार र बाँझो वा सार्वजनिक/ विद्यालयसामूदायिक वनको जग्गा / उपयोग गरि लक्षित वर्गका लागि उत्पादन विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था बुँदा नं ४ मा उल्लेख छ । उक्त कार्यक्रमको ४ (घ) मा प्रदेश भित्रका किसानहरुलाई विउ, विजन, बेर्नामा (फलफुल/तरकारी/डालेघाँस) लगायतका उत्पादन सामाग्रि खर्च जुटाउने तथा उन्नत कृषि उत्पादन प्रविधि प्रयोग गर्न आवश्यक रकमको व्यवस्था गरिने उल्लेख छ । यसै गरि उक्त कार्यक्रम अन्तर्गत सहायता उपलब्ध गराउदा आवेदक मध्येको ठुलो प्लट,सहकारी प्रबर्द्धन, चक्लाबन्दीको सम्भावना, प्रदेश बाहिरबाट फर्किएका यूवा, अघिक उत्पादन र कम जग्गा स्वामित्व भएका साना कृषक लाई प्राथमिकता दिने गरी मापदण्ड स्वीकृत गर्नुपर्ने व्यवस्था छ । विद्यालयको वांझो जग्गा खनेर गरा र टनेल वनाई आवादी गर्ने कार्यको लागी यस वर्ष वर्षान्तमा जिवन ज्योती मा. वि. रिमलाई रु. १६,७६,७९६/- भुक्तानी गरेको छ । जिवन ज्योति मा. वि. ले न्युनतम ३ देखी १४ दिन मानिसद्धारा वृक्षारोपण/झाडी सफाई लगायतको काम गरेको देखाई १०५ जना कामदारको खातामा रु. ९,११,४३३।६९ जम्मा गरेको छ । उक्त कार्य २०७७।३।१२ मा सम्झौता भई २०७७।३।२६ मा सम्पन्न भएको छ । सम्झौतानुसार खनजोत गरेर २६ वटा गरा निर्माण गरेको, १६८० वटा विरुवा वनस्पति कार्यालय कपुरकोटवाट ढुवानी गरी ३ वटा कम्पोष्ट dung, फलामे टनेल निर्माण गरेको र कृषि औजार खरिद गरेको विल विजक पेश गरेको छ । यस्तो मापदण्ड पूरा नगरी सञ्चालन गरेको कार्यक्रम वाट तोकिए वमोजीम उद्देश्य पुरा भएको छैन ।	
५२.	**थर्कौट मखनटाकुरी सडक -** व. उ. शि. न. ३६५००१०४३, जिल्ला पर्यटकीय रिङ्गरोड गाडापानी थर्कौट मखनटाकुरी सडक निर्माणको लागी कार्यालयले पि एण्ड पि कन्स्ट्रक्शनसंग २०७७।२।३० मा कार्य सम्पन्न गर्ने गरी रु.२२,३७,४५४।२० को २०७६।१२।८ मा सम्झौता गरेको छ । सम्झौतानुसार निर्माण व्यवसायीले ३८० मी. लामो ट्र्याक खन्नुपर्नेमा ३० मी. रु. २,००,७६७/- को काम सम्पन्न गरी भुक्तानी लिएको छ । उक्त फर्मको सम्झौता वमोजिमको काम पुरा नगरेको र म्याद थप समेत नभएकाले सार्वजनिक खरिद ऐनको दफा ५९ वमोजिम खरिद सम्झौताको अन्त्य गरी निजको सिभिल वैंकको ९ जुलाई २०२१ सम्मको रु. ९,१६,०००/- कार्यसम्पादन जमानत जफत गरी कालो सुचीमा राख्नुपर्नेमा कारवाही नगरेकोले सम्वन्धितलाई जिम्मेवार वनाउनु पर्दछ ।	
५३.	**अनुगमन भत्ताः-** अनुगमन भत्ता दिन मिल्ने प्रावधान नभएकोमा मुख्यमन्त्रि रोजगार कार्यक्रमको अनुगमन गरेवापत कानुनी व्यवस्था बेगर देहाएका पदाधीकारी/कर्मचारीलाई भुक्तानी भएको रु.	५२,७००/-

कर्मचारी/पदाधिकारी	नाम	रकम
उपाध्यक्ष	तिला वुढा मगर	४५९०
कार्यालय प्रमुख	भीम प्रसाद पोखेल	७६५०
लेखा अधिकृत	लोकेन्द्र वहादुर खत्री	७६५०
सामाजिक विकास कार्यालय अधिकृत	खगेन्द्र वहादुर शाही	४५९०
ईन्जीनीयर	भुपेन्द्र ऐरी	४५९०
रोजगार संयोजक	विपना वुढा मगर	४५९०
ना. सु.	विरेन्द्र माझि	५९५०

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>स. ई.</td><td>भरत पोखरेल</td><td>५९५०</td></tr>
<tr><td>स. ई.</td><td>युवराज रेग्मी</td><td>३५७०</td></tr>
<tr><td>अ. स. ई.</td><td>प्रविण शाह</td><td>३५७०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५२,७००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि वेगर निम्नानुसार रु.२८३४९८८.०० को सोझै खरिद गरेको देखियो ।
<table>
<tr><td>फर्निचर तथा फिक्सचर्स</td><td>२००६५११/-</td></tr>
<tr><td>मेशिनरी तथा औजार</td><td>८२८४७७/-</td></tr>
<tr><td>जम्मा</td><td>२८३४९८८/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.</td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको र यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>५६.</td><td>कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण सम्पन्न भएको योजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>५७.</td><td>सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्बद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>परामर्श सेवा / डीपीआर खर्च — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ साथै बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नगराई सोझै खरिद गरी रु. १९,८५,४१०/- खर्च लेखेका छन् ।	

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
मिलन विहार खानेपानी लिफ्ट	Engineerko घर प्रा लि	४९९६८६	४९६०७०	२६२११०००
भुतखोला खारखोला लिफ्ट	मेगा सिभिल ई. सोलुसन एण्ड कन्सल्टेन्सी	४९९३४७	४९६०७०	३६१८२०००
देउराली खोला खानेपानी लिफ्ट योजना	मुनाल कन्स्ट्रक्सन प्रा लि	४९९९१२	४९४९४०	१५१९७०००
गोरेखोला ठुलागाउ लिफ्ट खानेपानी	वन डिग्री कन्सल्टेन्सी प्रा लि	४९९६८६	४९८३३०	३५९४२०००
जम्माः		१९९८६३१	१९८५४१०	११३५३२०००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । डी.पी.आर. तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।	
५९.	**आन्तरिक नियन्त्रण प्रणाली निर्माण -** कार्यालयको आन्तरिक नियन्त्रण प्रणलि निर्माण गर्ने काम पालिका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत तथा गाँउपालिकामा कार्यरत जिम्मेवार पदाधिकारी/ कर्मचारीको रहेकोमा कार्यालयले शाइनिङ ग्रुप अफ सर्भिसेस कन्सल्टेन्सी प्रा.लि. सँग आन्तरिक नियन्त्रण कार्य प्रणाली निर्माण वापत रु.४,९२,६२३/- भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.	४,९२,६२३/-
६०.	**गुणस्तर परीक्षण र नियन्त्रण** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (१) को खण्ड (ग) र सो को नियमावलीको नियम १११(१) को खण्ड (ङ) मा निर्माण कार्यको गुणस्तर परीक्षण र नियन्त्रणको व्यवस्था गरेको छ । ठेक्का संझौताका दफाहरुले गुणस्तर माथी पालिका प्रमुखको प्रत्यक्ष नियन्त्रण रहने व्यवस्था गरेको छ । निर्माण व्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई त्यसको आधारमा सिमेण्ट, डण्डी, इट्टा, गिट्टी, ढुंगा, बालुवा, जि.आइ.तार माटो, विटुमिन कम्प्याक्सन, पाइप, वालुवाको मोरटार, सिमेन्ट, कंक्रिट क्यूव आदीको परीक्षण गराउनु पर्दछ । यस सम्बन्धमा निम्न व्यहोरा छन ।	
६०.१.	यस वर्ष भवन/सिचाइ/खानेपानी लगायतका योजनाहरुमा रु.४ करोड ३२ लाख खर्च गरेकोमा त्यसको गुणस्तर परीक्षण नगरी भुक्तानि दिएको छ ।	
६०.२.	यस पालिकाले निर्माण व्यवसायीहरुलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाएको देखिएन । यसबाट गुणस्तर परीक्षण तथा नियन्त्रण प्रति पालिकाको प्राथमिकता र प्रतिवद्धतामा कमी रहेको पाइयो ।	
६०.३.	निर्माण सामग्रीको गुणस्तर परीक्षण गरी ती सामग्री प्राप्त गर्ने स्थान तोक्नु पर्नेमा सो को कार्यान्वयनका नगर्नुका साथै स्थान उपर पालिकाको नियन्त्रण रहेको देखिदैन ।	
६०.४.	पालिकाका प्राविधिकहरु निर्माण स्थलमा उपस्थित भइ निरीक्षण गरेर कामको गुणस्तर नियन्त्रण गर्नु पर्नेमा निरीक्षणको अभिलेख र साइट डायरी नराखेको कारण पर्याप्त रुपले नीजहरुको उपस्थिती सुनिश्चित गर्ने आधार छैन ।	
	समानीकरण चालुतर्फ	
६१.	संस्थाको कर्मचारी खर्च भुक्तानी - जागृति मिश्रीत वाख्रा पालन समित-३ मा कार्यरत सामाजिक परिचालकको पारिश्रमिक मासिक रु. ८०००/- का दरले गाँउपालिकाले रु. ९६०००/- भुक्तानी गरेको छ । गाउपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन वृद्धि तथा क्षमता विकासका लागि विभिन्न संघ संस्थाहरुलाई अनुदान दिन सक्ने भए पनि नाफामुखि संस्थाको कर्मचारीको पारिश्रमिक भुक्तानी	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरेको नियम सम्मत देखिएन ।</td><td></td></tr>
<tr><td>६२.</td><td>संगठन तथा व्यवस्थापन सर्भे - स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८३ (३) अनुसार प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिकाको अधिकारक्षेत्र तथा कार्यवोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेको आधारमा कर्मचारीको दरवन्दि प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले सार्प रिसर्च सेन्टर प्रा लि सँग संगठन तथा व्यवस्थापन सर्भे गराई रु ४,९०,४२०।०० भुक्तानी गरि थप व्ययभार पारेको रु........</td><td>४,९०,४२०/-</td></tr>
<tr><td>६३.</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका नगरपालिकाले २३ जना प्रा वि. , १८ जना नि.मा.वि. तथा ११ जना मा.वि. तहमा नियुक्त गरी रु. २३,७०,३५९/- निकासा गरेको छ । यसरी कानुन विपरित भुक्तानी भएको रकम नियम सम्मत नभएको रु. .
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>निकासा रकम</th></tr>
<tr><td>९-०७६/६/१२</td><td>प्रथम चौमासिक १२ विद्यालयलाई</td><td>९७५९९८.००</td></tr>
<tr><td>१२७</td><td>दोस्रो चौमासिक</td><td>७२६७५५.००</td></tr>
<tr><td>२३८-०७७/२/२४</td><td>तेस्रो चौमासिक ४ विद्यालय</td><td>१३६०००.००</td></tr>
<tr><td>२३९-०७७/२/२४</td><td>तेस्रो चौमासिक ८ विद्यालयलाई</td><td>५३१६०६.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२३७०३५९.००</td></tr>
</table></td><td>२३,७०,३५९/-</td></tr>
<tr><td>६४.</td><td>भ्रमण खर्च : कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन ।
नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।
भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ।
कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको छ।
स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६५.	**पदाधिकारी प्रोत्साहन भत्ता** - भौ.नं. २७३, कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को अनुसूची १ र २ मा उल्लेख भए वमोजिमको सेवा सुविधा मात्र पाउने उल्लेख भएकोमा कपुरकोट गाउंपालिका (कार्य सम्पादन) नियमावली २०७४ अनुसार २०७६/१२/११ को वैठकको निर्णय नं.१ अनुसार जनप्रतिनीधिहरुलाई प्रोत्साहन भत्ता ऐन विपरित भुक्तानी गरेको रु...	६,५९,६००/-

सि नं.	दर्जा	पदाधिकारीको नाम	भत्ता दर	पाउने दिन	जम्मा रकम	कर वाहेक
१	उपाध्यक्ष	तिला बुढामगर	१२००	२०	२४०००	२०४००
२	वडा सदस्य	बालाराम खड्का	१०००	२०	२००००	१७०००
३	वडा सदस्य	मानबहादुर राना	१०००	२०	२००००	१७०००
४	वडा सदस्य	मिनवहाजुर सेन	१०००	२०	२००००	१७०००
५	वडा सदस्य	हरीलाल पुन	१०००	२०	२००००	१७०००
६	वडा सदस्य	यम कुमार वस्नेत	१०००	२०	२००००	१७०००
७	वडा सदस्य	हेरम व वुढाथोकी	१०००	२०	२००००	१७०००
८	कार्यपालिका सदस्य	कमला वि क	५००	२०	१००००	८५००
९	कार्यपालिका सदस्य	ललिता गिरी	५००	२०	१००००	८५००
१०	कार्यपालिका सदस्य	शान्ता वली	५००	२०	१००००	८५००
११	कार्यपालिका सदस्य	ठगविर कामी	५००	२०	१००००	८५००
१२	कार्यपालिका सदस्य	भमुना नेपाली	५००	२०	१००००	८५००
१३	उपाध्यक्ष	तिला बुढामगर	१२००	६००	७२०००	६१२००
१४	वडा सदस्य	बालाराम खड्का	१०००	६०	६००००	५१०००
१५	वडा सदस्य	मानबहादुर राना	१०००	६०	६००००	५१०००
१६	वडा सदस्य	मिनवहाजुर सेन	१०००	६०	६००००	५१०००
१७	वडा सदस्य	हरीलाल पुन	१०००	६०	६००००	५१०००
१८	वडा सदस्य	यम कुमार वस्नेत	१०००	६०	६००००	५१०००
१९	वडा सदस्य	हेरम व वुढाथोकी	१०००	६०	६००००	५१०००
२०	कार्यपालिका सदस्य	कमला वि क	५००	६०	३००००	२५५००
२१	कार्यपालिका सदस्य	ललिता गिरी	५००	६०	३००००	२५५००
२२	कार्यपालिका सदस्य	शान्ता वली	५००	६०	३००००	२५५००
२३	कार्यपालिका सदस्य	ठगविर कामी	५००	६०	३००००	२५५००
२४	कार्यपालिका सदस्य	भमुना नेपाली	५००	६०	३००००	२५५००
कुल जम्मा					७७६०००/-	६५९६००/-

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६६.	भौ.नं.२४६,२०७७।२।२०, जीवन ज्योती मा. वि .रिमलाई शैक्षिक स्तर वृद्धि अनुदान रु.५५०००/- दिएकोमा विद्यालयले उक्त रकम मंसिर देखि फाल्गुन सम्म ट्यूशन/कोचिङ संचालन गरि खर्च गरेको छ । उक्त कार्यकम संचालन गर्दा कार्य संचालन निर्देशिका २०७५ वमोजिम संचालन गर्नुपर्दछ । निर्देशिका वमोजिक प्रशिक्षक भत्ता प्रति कक्षा रु १५०० तोकेकोमा विद्यालयले सो भन्दा वढी दरमा भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम रु.४१०८५०/- असूल हुनुपर्ने रु.	४१०८५०/-

प्रशिक्षक	अध्यापन कक्षा	जम्मा घण्टी	भुक्तानी भएको दर	रु. १५०० ले भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	वढी भुक्तानी
श्री दोर्ण व साह	१०	८	८०००	९६००	६४०००	५४४००
श्री खुम व. वुढाथोकी	९, ८	८	८०००	९६००	६४०००	५४४००
श्री खर्क सिंह वोहरा	९, १०	१०.५	८०००	१५७५०	८४०००	६८२५०
श्री भिमसेन वुढा	९, १०	१०.५	८०००	१५७५०	८४०००	६८२५०
श्री ब्रम्हदत्त मिश्र	९ , १०	२.५	८०००	३७५०	२००००	१६२५०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

श्री ललिता के सी	६ , ७	८	७०००	९६००	५६०००	४६४००
श्री जालम सिंह महरा	५ , ४	८	६०००	९६००	४८०००	३८४००
दयाराम वुढा	६ , ७	१०.५	६०००	१५७५०	४८०००	३२२५०
लक्ष्मी महतरा	४ , ५	१०.५	६०००	१५७५०	४८०००२	३२२५०
जम्मा				१०५१५०	५१६०००	४१०८५०/-

सामाजिक सुरक्षातर्फ

६७. **बैंक मार्फत भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २२ मा स्थानिय तहले सशर्त अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ । गाउँपालिकाको वडा नं १ देखी ६ ले पहिलो चौमासिक बैकिङ्क प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना नै हातहातै नगद वितरण गरेको पाईयो । कार्यविधिमा व्यवस्था भए बमोजिम वितरण गर्नुपर्दछ ।

६८. **लगत कट्टा -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न वैंकमा लाभग्राहीहरुको विवरण पठाउंदा मृत्यु भएमा, वसाई सरि गएमा लाभग्राहीहरुको लगत कट्टा गरी पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न व्यक्तीहरुको प्रथम चौमासिक म्यानुअल वाड्दा नाम काटीसकेको तर दोस्रो चौमासिकमा वैंकमा विवरण पठाउंदा नाम नहटाई पठाएकोले भुक्तानी भए नभएको एकीन हुन सकिएन । उक्त एकीन नभएको रकम एकीन हुनुपर्ने रु. — बेरुजू रकम: ३२०००/-

वडा न.	नाम	प्रकार	नागरिकता न.	रकम
६	मित्रलाल वली	जेष्ठ नागरिक भत्ता तथा अन्य	६८१/७५५	१२०००
४	पदमी कामी	जेष्ठ नागरिक भत्ता तथा अन्य	७-६८८-५५	८०००
१	गस्से कामी	जेष्ठ नागरिक भत्ता तथा अन्य	१३७६-३५३	१२०००

६९. **वैंकको भरपाई -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २५ मा वैंकले लाभग्राहीको खातामा जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, वैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि १३ वमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानिय तहलाई विद्युतिय माध्यममा अनिवार्य रुपमा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिनेछ भनि उल्लेख गरेको छ तर गाउँपालिकाले लाभग्राहीको खातामा जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, वैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण लेखपरीक्षणको क्रममा पेश हुन सकेन । उक्त विवरण वैंकवाट माग गरी पालिकामा राख्नु पर्ने र लेखापरीक्षणको क्रममा पेश गर्नुपर्दछ ।

७०. **पेश्की माथि पेश्की -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ४ को दफा १५ मा अघिल्लो किस्ताको पेश्की फछ्र्यौट नभई अर्को किस्ता निकासा दिन नहुने व्यवस्था रहेकोमा प्रथम चौमासिकमा वडाहरुले फछ्र्यौट नगर्दै मेघा वैंक, कुमारी वैंक र ज्योति विकास वैंकलाई दोस्रो चौमासिक पेश्की दिईयो र उक्त वैंकहरुले दोस्रो चौमासिकको वितरण भर्पाई नपठाउंदै तेस्रो चौमासिक पेश्की उपलव्ध गराएकोमा ज्योति विकास वैंक र कुमारी वैंकले २०७७।६।१९ र मेघा वैंकले २०७७।७।१७ मा मात्र एकमुस्ट वांकी रकम फिर्ता गरेका छन् । कार्यविधि अनुसार एक किस्ताको पेश्की फछ्र्यौट गरेपछि मात्र अर्को किस्ताको पेश्की दिने नियमको पालिकाले पालनामा दिनुपर्दछ ।

मर्मत सम्भार कोष

७१. **टुक्रापारी कार्य गरेको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	व्यवस्था छ । पालिकाहरुले कार्यालयको वरिपरी रिटेन्ङ वाल निर्माण गर्दा कामको ४ प्याकेज वनाई खुल्ला कोटेशनको मार्फत रु.१८४४६०५/- को सोझै खरिद गरेको देखियो ।	

भौ.नं. र मिति	कामको विवरण	निर्माण व्यवसायी	भुक्तानी रकम
२-०७६/६/१५	रिटेनिङ्ग वाल	क्वालिटी विल्डर्स	४६८१२६
३-०७६/६/१५	रिटेनिङ्ग वाल	भुवनेश्वरी विल्डर्स	४६२४७२
१४-०७७/३/१७	स्टोन मेसेनरी रिटेनिङ्ग वाल निर्माण	सानोभरी नि. से.	४५५३६०
१५-०७७/३/१७	स्टोन मेसेनरी रिटेनिङ्ग वाल निर्माण	क्वालिटी विल्डर्स	४५८६४७
जम्मा			१८४४६०५.००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
७१.१.	त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले क्वालिटी विल्डर्सवाट खुल्ला कोटेशनवाट एउटै प्रकृतिको कार्य २ पटक गरी रु.९२६७७३/- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु..............	९२६७७३/-
७२.	भौ.नं. १३ मिति २०७७/२/३, यस कोषवाट विभिन्न पुराना योजनाहरु मर्मत तथा भैपरि आउने मर्मत सम्भार गर्ने कार्यमात्र खर्च गर्नुपर्नेमा नेपाल राष्ट्रिय मा. वि. किमचौरलाई आइ.सि.टि ल्याव निर्माण कार्यकालागि यस कोषवाट रु.२३६०००.०० निकासा गरेको छ । विद्यालयमा आइ.सि.टि ल्याव निर्माण गर्न सशर्तवाट समेत जाने भएकोले यस शिर्षकवाट समेत भुक्तानी गर्दा दोहोरो समेत पर्ने भएकोले यसरी कोषको उद्देश्य विपरित खर्च लेखेको नियम सम्मत नदेखिएको रु.	२३६०००/-
	विपद् व्यवस्थापन	
७३.	**प्रकोप व्यवस्थापन कोष** - यस कोषवाट रु. ४१०९१२५/- खर्च भएको छ । पालिकाले २४ क्वारेन्टीन मा १०९३ जनालाई रु. ९५०००० व्यवस्थापन खर्च गरेको विवरण पेश गरेको छ । आईशोलेसन केन्द्र निर्माण व्यवस्थापनमा रु. ३१७६६१ खर्च भएको छ । १४६ जनालाई रु. ३०००००/- को १३१ के. जी. चामल, ३२८ के. जी. दाल, ३४८ लीटर तेल, १३२ प्याकेट नुन, ३६२ गोटा सावुन वितरण गरेको विवरण उपलव्ध गराएको छ । औषधी एवं स्वास्थ्य उपकरण रु. ९९९९९० र प्रदेश सरकारको श्रोतवाट रु. ९२००००/- को हस्पिटल वेड ५०, म्याट्रेस/सिरानी ५० लगाएतका सामाग्री पनि सोझै खरिद गरेको छ । जनशक्ती परिचालन गरे वापत स्वास्थ्यकर्मिलाई तलव स्केलको ५०% रकम रु. २०७७।१०।१९ मा रु. २९६१२९ खर्च लेखेको छ ।	
७४.	**वार्षिक प्रतिवेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	

अनुसुची-१

कपुरकोट गाउँपालिकाको संचितकोष विवरण
२०७६/७७

कर्णाली प्रदेश

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्याय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
सल्यान	कपुरकोट गाउँपालिका	६६७१२१	२७९८३	४.२	३०४०६	२८१०५०	४४७५२	२५५२	१०९७८	३३९३३२	२०१९९२	९९३६७	२६४६१	३२७८२०	४१९१८

अनुसुची-२

कपुरकोट गाउँपालिकाको बेरुजु बर्गिकरण(विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा

जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
सल्यान	कपुरकोट गाउँपालिका	५४	२७	२८२९०	०	२	३०७	५४	२५	२७९८३	३१३३	१०६९०	१४१६०	०	०	२४८५०	०	०	०

अनुसुची-३

कपुरकोट गाउँपालिकाको अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको बाँकी वेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको बेरुजु रकम	यो प्रतिवेदन सम्मको बाँकी वेरुजु	यो प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की
सल्यान	कपुरकोट गाउँपालिका	१९०३२	०	५४	५४	०	०	१८९७८	२७९८३	४६९६१	१५२०